प्रदेश सरकार
# आर्थिक मामिला तथा योजना मन्त्रालय
प्रदेश नं. ३, हेटौंडा, मकवानपुर

☎ ०५७-५२७५२०
📠 ०५७-५२७५१८
Email: moeap3@gmail.co
URL: moeap.p3.gov.np

पत्र संख्या : २०७५/०७६ चलानी नं. :- ६५ मितिः-२०७५।०४।२२

विषय : बाग्मती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क सम्बन्धमा ।

श्री मालपोत कार्यालय (काठमाडौं उपत्यका भित्र) सबै
प्रदेश नं. ३

उपरोक्त विषयमा प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०७५।०४।१४ को निर्णयानुसार "प्रदेश आर्थिक ऐन २०७५" मा भएको संशोधन बमोजिम ऐनको अनुसूची-१ (ग) विविधको बुँदा नं. १ पछि १(क) थप गरी **"काठमाडौं उपत्यका भित्रका महानगरपालिका, उप-महानगरपालिका र नगरपालिका क्षेत्रभित्रको पारित हुने लिखतमा घरजग्गा रजिष्ट्रेशन शुल्कको सि.नं. १, २ र ३ मा उल्लेख गरिएको रजिष्ट्रेशन लिखतको थैली अंकको शून्य दशमलव पाँच प्रतिशत शुल्क बागमती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क असुल गरिनेछ"** भन्ने व्यवस्था राखिएको व्यहोरा जानकारीका लागि अनुरोध छ। यस अनुसार उठेको राजस्वको शतप्रतिशत रकम हरेक स्थानीय तहको छुट्टाछुट्टै हिसाब रहने गरी प्रदेश संचित कोषमा (राजस्व शीर्षक नं.१४१७७) जम्मा गर्न हुन र सो को विवरण मासिक रुपमा यस मन्त्रालयमा पठाउनु हुन समेत अनुरोध छ।

(सुनिता पौडेल)
शाखा अधिकृत